# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ८ | संख्या १ | मिति २०८१।०४।१५ |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७७ सालको कार्यविधि संख्या २ (विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७७) मा दोस्रो पटक संशोधन, २०८१

विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ मा मिति २०८१।०४।१५ को कार्यपालिकावाट देहाय बमोजिम संशोधन गरिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो संशोधित कार्यविधि प्रकाशन गरेको छ ।

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ मा संशोधन

प्रथम पटक संशोधन : २०७८।०७।२९

दोस्रो पटक संशोधन : २०८१।०४।१५

**प्रस्तावना :** विहादी गाउँपालिका भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) (६) बमोजिम विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँ कार्यपालिकाले यो कार्यविधि देहाय बमोजिम संशोधन गरी लागू गरेको छ।

विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ को दफा १४ (१) मा संशोधन :

**१. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था :**

१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

जरिवाना :

| | |
|---|---|
| क) मूल्यसूची नराखेमा | रु १०००।- |
| ख) प्रमाणपत्र नराखेमा | रु १०००।- |

ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा वार्षिक करको अलवा देहाय बमोजिमको जरिवाना लाग्नेछ :

- म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको ४० प्रतिशत
- म्याद समाप्त भएको मितिले ६ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको ६० प्रतिशत
- म्याद समाप्त भएको मितिले ९ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको ८० प्रतिशत
- म्याद समाप्त भएको मितिले १२ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको १०० प्रतिशत
- म्याद समाप्त भएको मितिले २४ महिना भित्र नविकरण गरेमा नविकरण गर्ने आ.व.को नविकरण शुल्कको ३०० प्रतिशत
- म्याद समाप्त भएको मितिले २४ महिना पछि नविकरण गरेमा नविकरण गर्ने आ.व.को नविकरण शुल्कको अलवा प्रति वर्ष ४०० प्रतिशतका दरले जरिवाना लाग्नेछ।
- म्याद समाप्त भएको मितिले १० वर्ष सम्म पनि नविकरण नगरेमा व्यवसाय दर्ता प्रमाणपत्र खारेज गरी व्यवसाय दर्ता कितावमा अभिलेख राखिनेछ। यसरि खारेज भएको व्यवसाय पुन दर्ता गराउनु परेमा कार्यविधिको दफा ५ बमोजिम सुरु दर्ताकै विधि अनुसार गर्नु पर्नेछ।
- २०७७ साल देखि यो कार्यविधि बमोजिम दर्ता भई म्याद समाप्त भएको मितिले २४ महिना सम्म पनि नविकरण नगराएर खारेजीमा परेका व्यवसायीहरु पुन व्यवसाय नविकरण गर्न चाहेमा यसै संशोधित कार्यविधि बमोजिम नविकरण गर्न बाधा पुग्ने छैन।

घ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा रु २,०००।-

ङ) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचवखन गरेमा रु २०००।-

च) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा रु २,०००।-

२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात् पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सोही सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

३) प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरि कुनैपनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा सम्बन्धित व्यवसायिलाई ३० दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ।

४) उपदफा ३ बमोजिम जनाउ दिएको मितिले ३५ दिन भित्र कार्यालयमा व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्ति/व्यवसायी लाई गाउँपालिकाबाट प्रवाह हुने सवै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछन्। साथै संघिय सरकार, प्रदेश सरकार, सरकारी निकाय, सार्वजनिक संस्थानको समन्वयमा त्यस्ता निकायहरुबाट उपलब्ध भएका वा हुने सेवा सुविधाहरु बन्द गर्न सिफारिस गरिनेछ।

५) उपदफ ४ बमोजिम सेवा सुविधा बन्द राखेको ६ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरि व्यवसाय सञ्चालन गरेमा कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायिको व्यवसाय बन्द गरि लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित नेपाल कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

आज्ञाले
हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत